# १२ औं मनमोहन स्मृति दिवस कार्यक्रम

**१२ औँ मनमोहन स्मृति दिवसको** अवसरमा अप्रेसन थिएटर शुभारम्भ, नर्सिङ कलेज शिलान्यास तथा दाताप्रति सम्मान कार्यक्रमका प्रमुख अतिथि उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारीज्यू, विशेष अतिथि स्वास्थ्यमन्त्री शक्ति बस्नेतज्यू, यस अस्पतालको सुधार तथा विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने मञ्चमा आसिन विशिष्ट अतिथि गण, यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरू, सुरक्षाकर्मी तथा पत्रकार मित्रहरू ! यस समारोहमा मनमोहन स्मृति विकास केन्द्र तथा मनमोहन स्मृति सामुदायिक अस्पताल एवम् मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु।

राजधानी नजिकै रहेर पनि काठमाडौँ जिल्लाको दक्षिण भेगमा स्वास्थ्य सेवाको सुविधा ज्यादै कम रहेको अवस्थामा यस क्षेत्रका जनताहरू स्वास्थ्य सेवाबाट वञ्चित रहनु परेको कटु यथार्थ हाम्रा सामु लुकेको छैन। काठमाडौँ सहरका अस्पताल पुग्न नपाई कतिपय विरामीहरूले बाटैमा ज्यान गुमाउनु पर्ने तीतो यथार्थ हामी सबैलाई विदितै छ। यस प्रकारका घटनाहरूलाई न्यून गर्दै स्थानीय जनताहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य क्षेत्रमा केही गरौँ भन्ने भावना सहित **२०५१ सालमा स्थानीय गा.वि.स.हरू, जिल्ला विकास समिति काठमाडौँ, कृष्णगोपाल श्रेष्ठको तर्फबाट सांसदकोष, प्लान नेपाल, स्थानीय विद्यालयहरू, संघसंस्था तथा जनताहरूको संयुक्त पहलमा फर्पिङ क्षेत्रमा प्रथम पटक एम्बुलेन्स सेवा शुभारम्भ गरियो**। विगतको तुलनामा एम्बुलेन्स सेवा सञ्चालनले यस भेगका जनतालाई सुविधा त पुऱ्यायो तर सामान्य उपचारका लागि पनि काठमाडौँ सहर भित्र पुग्नु पर्ने अवस्थाको अन्त्य गर्न सकेन। उपचारको क्रममा अतिरिक्त खर्च व्यहोर्नु पर्दा स्थानीय जनतालाई खासै सुविधा नपुगेको महसुस गरी यस क्षेत्रमा एउटा स्वास्थ्य सेवाकेन्द्र स्थापना गरी स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउने सोचको विकास भयो। **फलस्वरुप २०५७ साल वैशाख १३ गते काठमाडौँ जिल्लाको दक्षिणकाली गा.वि.स. वडा नं १ स्थित सार्वजनिक जग्गामा ने.क.पा. एमालेका तत्कालीन महासचिव एवम् निवर्तमान प्रधानमन्त्री माधवकुमार नेपालद्वारा मनमोहन स्मृति सामुदायिक स्वास्थ्य केन्द्र भवनको शिलान्यास कार्य सम्पन्न भयो।** स्वास्थ्य केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने क्रममा वि.सं. २०६० सालमा **मनमोहन स्मृति विकास केन्द्र** विधिवत रुपमा स्थापना गरी काठमाडौँ कपन स्थित **न्यू सेडल** संस्थासँगको सहयोग र सहकार्यमा साप्ताहिक **रोडसाइड क्लिनिक**को रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यको थालनी भयो। यस सेवाले मात्र नपुग्ने महसुस गरी स्वास्थ्य सेवालाई बिस्तार गर्ने क्रममा दैनिक ओ.पि.डी. सेवा सञ्चालन गर्नुपर्ने देखियो र यसका लागि पूर्वाधार सामग्री साथै औषधि तथा भवन निर्माणको क्रममा भुईँतलालाई फिनिसिङ गर्नका लागि समेत पुनः **न्यू सेडल संस्थाबाटै** सहयोग लिएर वि.सं.**२०६१ सालदेखि ओ.पि.डि. सेवाको शुभारम्भ** गरियो। कपन स्थित **न्यू सेडल** संस्थाकै आर्थिक, भौतिक तथा प्राविधिक सहयोगका साथै निरन्तरको सल्लाह र सुझावको परिणामस्वरुप यस स्वास्थ्यकेन्द्रले **मनमोहन स्मृति सामुदायिक अस्पताल**को रुप लिन पुग्यो र यस भेगका जनसमुदायलाई स्वास्थ्य सेवा उपभोग गर्ने सुअवसर प्राप्त भयो। स्वास्थ्यकेन्द्रबाट अस्पतालको रुपमा रुपान्तरण भएपछि यसको सेवाक्षेत्र पनि क्रमश बिस्तार हुँदै गयो र विश्वास, सहयोग, सद्भाव समेत आर्जन गर्दै गयो। परिणामस्वरुप **काठमाडौँ, ललितपुर र मकवानपुर जिल्लाका** अधिकांश जनतालाई **प्रतिरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक** रुपमा २४ सै घण्टा यस अस्पतालले स्वास्थ्य सेवा दिन सुरु गऱ्यो।

हाल **मनमोहन स्मृति सामुदायिक अस्पताल**मा विरामीहरूका लागि **१५ शैया**कोमात्रै स्वीकृति भए तापनि विरामीको चापका कारण सेवाका क्षेत्र विस्तार गरी ३२ शैयाको व्यवस्था गरी सहज तरिकाले स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ। यस अस्पतालमा **अल्ट्रासाउण्ड, ई.सि.जि., एक्स–रे, डट्स सेवा, फार्मेसी, दन्त सेवा, आँखा सम्बन्धी सेवा, गर्भ परीक्षण, परिवार नियोजनसम्बन्धी सेवा, सुरक्षित गर्भपतन सेवा, सामान्य शल्यक्रिया, प्रयोगशाला, टेलिमेडिसिन सेवा, महिनामा २ पटक हाडजोर्नी तथा नसासम्बन्धी विशेषज्ञ** सेवा जस्ता सुविधाहरू उपलब्ध गराउँदै आएको छ।

यस भेगका जनताहरूको स्वास्थ्य स्थितिलाई ख्याल गरी यस अस्पतालद्वारा क्रमशः सेवा विस्तार गर्दै लगिएको छ। **वि.सं. २०६६ साल भाद्र २० गते निवर्तमान प्रधानमन्त्री माधवकुमार नेपालद्वारा यस अस्पतालको विधिवत रुपमा समुद्घाटन तथा टेलिमेडिसिन सेवाको शुभारम्भ** गरियो। **टेलिमेडिसिन सेवाका** लागि **डा. महावीर पुन**को प्राविधिक सहयोग र **हिमालयन हाईट रिसोर्टका सञ्चालक श्री फिन्चो लामाबाट** प्राप्त आर्थिक सहयोग तथा **काठमाडौँ मोडेल हस्पिटलबाट** उच्च स्तरीय टेलिमेडिसिनका लागि क्यामेरालगायत अन्य प्राविधिक सहयोग प्राप्त गरी टेलिमेडिसिन सेवा सञ्चालन गर्न यो अस्पताल सफल भएको छ। हालसम्म

पनि काठमाडौँ मोडेल अस्पतालले निरन्तर रुपमा निःशुल्क प्राविधिक सहयोग उपलब्ध गराउदैँ आएको छ। सम्बन्धित व्यक्ति तथा संस्थावाट आर्थिक र प्राविधिक सहयोग प्राप्त नभएको भए यस्ता सुविधाहरू उपलब्ध गराउन हामीलाई निक्कै कठिनाइ पर्ने थियो। यस अस्पताललाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन विभिन्न व्यक्ति एवम् संघ संस्थाको उल्लेखनीय सहयोग रहेको छ। यस सामुदायिक अस्पतालमा समुदायको सहज पहुँच पुऱ्याउन तथा सहभागिता बढाई अपनत्वको भावना जगाउनको लागि **एक घर एक सदस्य नीतिअनुरूप** सदस्यता विस्तार गर्ने कार्यको थालनी समेत भइसकेको छ। सदस्यता विस्तार कार्यक्रमबाट यस संस्थाको दीगो विकासमा सहयोग पुग्नेछ भन्ने विश्वास लिएका छौँ।

निकट भविष्यमै काठमाडौँ मोडेल हस्पिटलका वरिष्ठ चिकित्सकहरूद्वारा **सामान्य शल्यक्रिया (Minor Operation)** लगायतका **विभिन्न विशेषज्ञ सेवा**हरू यस अस्पतालमा उपलब्ध गराउने सम्झौता भइसकेको व्यहोरा पनि अवगत गराउन चाहन्छौँ। सेवा विस्तारको क्रममा यस कार्यक्रमका प्रमुख अतिथि उप-प्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारीज्यूबाट सामान्य शल्यक्रिया कक्ष (Minor Operation Theater) उद्घाटन गरी सेवा शुभारम्भ भइसकेको छ। यस अस्पतालवाट प्रदान गरिने विभिन्न सेवाहरू हालसम्म यस क्षेत्र र अस्पताललाई आर्थिक,भौतिक,प्राविधिक तथा नैतिक सहयोग गर्नुहुने सहृदयी महानुभावहरूको सहयोगबाट सम्भव भएको हो। आगामी दिनहरूमा पनि यस किसिमका सहयोगको निरन्तरताको आशा समेत व्यक्त गर्न चाहन्छु साथै सम्पूर्ण सेवाहरूले निरन्तरता पाउने कुरामा पनि म विश्वस्त छु। अस्पतालको दीगो विकासका लागि नर्सिङ कलेज सञ्चालन गरी एकातिर दक्ष जनशक्ति उत्पादन गर्ने र अर्कोतिर उत्पादित जनशक्तिको ज्ञान र सीपलाई अस्पतालमै प्रयोग गर्न सकिने हुनाले यसको अपरिहार्यतालाई मनन गरी आजैका दिन नर्सिङ कलेजको भवन शिलान्यान गर्न पनि हामी सफल भएका छौँ। यस भेगमा सञ्चालित नर्सिङ कलेजले सबै भन्दा बढी सुविधा यसै दक्षिण भेगका स्वास्थ्य क्षेत्रमा प्रवेश गर्न चाहने विद्यार्थी भाइवहिनीहरूले प्राप्त गर्न सक्नेछन्। **यसले गर्दा स्वास्थ्य जस्तो संवेदनशील विषयमा सबैको चासो बढ्नुका साथै विशेषज्ञको सल्लाहविना जथाभावी औषधि सेवन गर्ने प्रवृत्तिमा कमी आउनेछ।** अतः यस अस्पताललाई ५० शैयासहित नर्सिङ कलेजको रुपमा विकसित गर्न यहाँहरू सबैको सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु। नर्सिङ कलेजका स्थापनाबाट अस्पतालका लागि आवश्यक जनशक्ति पनि प्राप्त हुने तथा दीगो रुपमा आर्थिक स्रोत पनि उपलब्ध हुने निश्चित छ।

यस सामुदायिक अस्पतालले हाल १ रोपनी १ आना जग्गा आफ्नो नाममा दर्ता गर्नुका साथै का.म.न.पा वडा नं. ३० वस्ने श्री गौरीभक्त प्रधान तथा श्री शंकरप्रसाद प्रधानवाट का.जि. दक्षिणकाली वडा नं ६, कोपु गाउँको ९ रोपनी ३ आना र दक्षिणकाली गाविस कै वडा नं ४ का श्री प्रेम पाख्रिन (राजेश लामा) वाट मकवानपुर जिल्ला सिस्नेरी गा.वि.स. वडा नं २ को १ रोपनी जग्गा अस्पताललाई दान दिनुभएको व्यहोरा सबैमा जानकारी गराउँदै यस किसिमको निःस्वार्थ सेवाले अस्पताललाई दीगो विकासका लागि सहयोग गर्ने छ भन्ने विश्वासका साथ उहाँहरूप्रति सम्पूर्ण अस्पताल परिवारका तर्फबाट हार्दिक हार्दिक आभार व्यक्त गर्न चाहन्छु। साथै दक्षिणकाली गाविस निबासी आदित्यभक्त अमात्यज्यूबाट १ वर्षका लागि मासिक रू.१ हजार सहयोग गर्नुभएकोमा पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छौँ। अस्पतालका लागि प्राप्त जग्गामा प्राङ्गारिक खेती तथा व्यवसायिक तरकारी खेती गरी अस्पतालका लागि दीगो आर्थिक स्रोतको समेत व्यवस्था गर्ने नीति लिइएको छ।

यस अस्पतालको सुधार र विकासका लागि सहयोग गर्दै आउनु भएका विदेशी स्वयंमसेवक नेदरल्यान्डका Koen Van Knegsel ज्यूवाट भौतिक निर्माणका लागि सहयोग, का.जि. दक्षिणकाली, वडा नं १ निवासी डा.कृष्णबहादुर श्रेष्ठ ज्यूवाट ५०,०००/- नगद सहयोग प्राप्त हुनका साथै का.जि. शेषनारायण वडा.नं २ निवासी डा. माणिकलाल मानन्धरवाट ३ वटा वेड प्राप्त भएकोमा उहाँहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा अझ बढी सहयोगको अपेक्षा गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। त्यसै गरी का.जि. शेषनारायण वडा नं ४ निवासी श्री सानुभाई खत्रीवाट विरामीहरूका लागि ६ थान पङ्खा प्राप्त तथा का.जि.दक्षिणकाली गा.वि.स. भएकोमा उहाँप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु।भावी दिनमा देशमा विद्यमान लोडसेडिङ्का कारण विजुलीका लागि सौर्य उर्जाको व्यवस्था गर्ने योजना अघि सारिएको छ।

अस्पताललाई आजको यस सफल घडीसम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने महानुभावहरूलाई २०६६ भाद्र २० गते नै सार्वजनिक कार्यक्रमवीच सम्मान गरिसकेका छौँ। सम्मानित व्यक्तिहरूको नामावली फ्लेक्स वोर्डमा हेर्न सकिने व्यवस्था गरेका छौँ। आजको कार्यक्रममा त्यसपछि सहयोग गर्नुहुने महानुभावहरूलाई **कदर- पत्र** तथा **सम्मान-पत्र** वितरण गरी सम्मान गरिने कार्यक्रम

राखिएकोले आगामी दिनमा यस्ता कार्यक्रमहरू पुनः आयोजना गर्दै जानेछौँ भन्ने विश्वास दिलाउन चाहन्छौँ । अन्तमा, यस अस्पताललाई हालको अवस्थासम्म ल्याई पुऱ्याउन अटूट सहयोग गर्नु हुने कार्यकारिणी सदस्यहरू, अस्पतालमा कार्यरत प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूलगायत **हालसम्म सहयोग गर्ने न्यू सेडल, एड्रा नेपाल, ए.एम.टि.एम, काठमाडौँ जि.वि.स, स्थानीय निकायलगायत स्वदेशी तथा विदेशी विभिन्न संघ–संस्था, व्यक्ति तथा सम्पूर्ण सहयोग दाताहरूलाई अस्पतालको तर्फवाट सहयोगको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद सहित आगामी दिनहरूमा पनि अझ प्रभावकारी सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दै विदा हुन चाहन्छु ।धन्यवाद ।**

रामकृष्ण महर्जन
अध्यक्ष
२०६८ वैशाख ३१ गते शनिवार

# मन्तव्य

यस कार्यक्रमका सभापति ज्यू, प्रमुख अतिथि ज्यू , विशेष अतिथि ज्यू, १२ औं मनमोहन स्मृति दिवसको अवसरमा यस अस्पतालको सुधार तथा विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने मञ्चमा आसिन विशिष्ट अतिथि गण, यस कार्याक्रममा उपस्थित विभिन्न संघ-संस्थाको प्रतिनिधित्व गर्दै आउनु भएका महानुभावहरू लगायत यहाँ उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्द

सर्वप्रथम यस मनमोहन स्मृति सामुदायिक अस्पताललाई अहिलेको अवस्था सम्म ल्याई पुऱ्याउन हर तरहले सहयोग गर्नु भएकोमा यहाँहरू प्रति हार्दिक आभार ज्ञापन गर्न चाहन्छु । यहाँहरूको सहयोग प्राप्त नभएको भए हामीले अहिले सम्म उपलब्ध गराउँदै आएको सेवाहरू यति सहज तरिकाले जनता समक्ष पुग्न सक्ने थिएन । त्यसैले अस्पताल व्यवस्थापन समितिको संयोजकको हैसियतले स्वदेशी तथा विदेशी सहयोग दाताहरू, विभिन्न संघ-संस्थाहरू सबैमा पुनः कृतज्ञता ज्ञापन गर्न चाहान्छु । न्यू सेडल संस्थाको सहयोगमा रोडसाईड क्लिनिकवाट स्वास्थ्य सेवा सुरु गर्दै ,टेलिमेडिसिन तथा सामान्य शल्यक्रिया सेवासम्म आईपुग्दा पनि हामीले पर्याप्त स्वास्थ्य सेवा उपलब्ध गराउन नसकिएको महशुस गरिरहेका छौ । आगामी दिनमा अझ गुणस्तरीय सेवा प्रदान गर्ने क्रममा रहेको कुरा पनि यहाँहरू समक्ष व्यक्त गर्न पाउँदा खुसी व्यक्त गर्न चाहान्छु । हाल सम्म यस अस्पतालले स्थापनाकाल देखि ९५ हजार ४ सय ७५ जना विरामीहरूलाई सेवा उपलब्ध गरिसकेको तथ्याङ्क प्रस्तुत गर्न पाउँदा हामी ज्यादै हर्षित भएका छौं । अस्पतालमा कार्यरत कर्मचारीहरूले अति नै न्यून तलबका बावजुत पनि गुणस्तरीय सेवा दिन रातदिन तल्लीन हुनु भएकोमा वहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु । साथै निःस्वार्थ भावले स्वयमसेवी काम गर्दै आउनुभएका सदस्यहरूलाई पनि आभार प्रकट गर्न चाहन्छु ।

छोटो अवधिमा आज हाम्रो अस्पतालले ठूलो सफलता हासिल गरेको सबैलाई मनन भएकै कुरा हो । आजको यस सफल दिन सम्म आउँदा धेरैले यस अस्पताल र फर्पिङलाई माया गरेर साथ दिनुभयो । सक्नेले आर्थिक नसक्नेले समय भए पनि दिएर हामीलाई सहयोग गर्नुभयो । यो अस्पताल राम्ररी सञ्चालन हुनुभनेको फर्पिङको गौरव हो । फर्पिङबासीकै पहलमा यो स्थापना भएको हो, यहाँहरूकै सहयोगमा हालसम्म सञ्चालित छ र भविष्यमा पनि दीगो रुपमा सञ्चालन हुनेनै छ भन्ने आशा एवम् विश्वाश गर्न चाहन्छु ।

यस अस्पताललाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि यस क्षेत्रका सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिहरू, स्वास्थ्य क्षेत्रमा लागिपरेका विज्ञ तथा प्राविधिकहरू, बुद्धिजिवी, शिक्षक, महिला स्वयम् सेविका, नागरिक समाजका प्रतिनिधि तथा शुभचिन्तकहरूलाई सृजनात्मक सल्लाह र सुझाव दिई आवश्यक सहयोग गरिदिनुहुन विनम्र

**अनुरोध गर्दछु । आजको समयमा सबै मानिसहरू व्यस्त रहने गर्दछन् तर व्यस्त मानिसले नै समय निकाल्न सक्छ भन्ने यथार्थलाई मनन गरी यो अस्पताललाई समुदायको अभिन्न धरोहरका रुपमा स्थापित गर्न आवश्यक सहयोग गर्नुनै हुनेछ भन्ने विश्वाश गर्दै पुनः सबैलाई धन्यवाद दिंदै विदा हुन चाहन्छु । धन्यवाद ।**

**- बाबुराजा श्रेष्ठ, संयोजक**

२०६८ वैशाख ३१ गते शनिवार